"पूर्वाधार, कृषि, र रोजगार
गंगादेव विकासको आधार"

# खण्ड १-परिचय

**१.१. स्थानीय तहको संक्षिप्त परिचय** :

नेपालको प्रदेश नं. ५ अन्तर्गत रोल्पा जिल्लाको एक नगरपालिका र नौ गाउँपालिकामध्ये गंगादेव गाउँपालिका रोल्पा जिल्ला निर्वाचन क्षेत्र नम्बर २ मा पर्दछ । पूर्वमा रोल्पा जिल्लाको दुइखोली गाउँपालिका तथा माडी गाउँपालिका , पश्चिममा सल्यानको छत्रेश्वरी गाउँपालिका र बाघचौर नगरपालिका, उत्तरमा रुकुम जिल्लाको त्रिवेणी गाउँपालिका तथा दक्षिणमा रोल्पा जिल्लाको त्रिवेणी गाउँपालिकाको बीचमा अवस्थित गंगादेवगाउँपालिका वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार २०,००९ जनसंख्या रहेको यो गाउँपालिका साविकका ओत, जिनाबाङ, पाखापानी र राँक गा.वि.स.का ३३ वटा वडाहरु मिलेर बनेको हो । यसको जम्मा क्षेत्रफल १२४.३ वर्ग किलोमिटर रहेको छ । क्षेत्री र मगर जातिको बाहुल्यता रहेको यस गाउँपालिकामा विभिन्न जातजाति र भाषाभाषीका मानिसहरुको बसोबास रहेको छ ।

जल, जमिन, जंगल, जडिवुटी, एवं आलु, टिमुर, स्याउका लागि उर्वर भूमि रहेको यो गाउँपालिका पूर्व-पश्चिम अलि साँघुरो तथा उत्तर-दक्षिण लाम्चो नेपालको नक्सा जस्तो देखिने ईटा आकारको भू-धरातल भएको अनेकतामा एकता रहेको गाउँपालिका हो । यो गाउँपालिकाको उत्तरी क्षेत्रमा पानीका श्रोतहरु, जंगल, जडिवुटी, जंगली जनावर, स्लेट, ढुंगा पाइनुका साथै स्याउ खेतीको संभावना समेत रहेको छ । यो गाउँपालिकाको मध्यभागमा पशुपालन तथा फलफूल खेतीको संभावना रहेको छ भने दक्षिणी भागमा धान, गहुँका साथै तरकारी खेतीको संभावना रहेको छ । पूर्वमा गोटी खोला, पश्चिममा बाफु खोला सँधै पानी बगिरहने खोलाहरु हुन् । यी दुवै खोलाहरुबाट ढुंगा-गिटी-वालुवा जस्ता निर्माण सामाग्रीहरु उपलब्ध गर्न/गराउन सकिने, लघुविद्युत उत्पादन गर्न सकिने र सिंचाइ सुविधा उपलब्ध गर्न सकिने अवस्था छ । प्राकृतिक सम्पदा, साधनश्रोतमा सम्पन्न भएरपनि आर्थिक रुपले कमजोर रहेको छ ।

गंगादेव गाउँपालिका भित्र तपोवन शिव गुफा, सुकिदह, सिद्धबाबा मन्दिर, पानी खोला बराह क्षेत्र, सिद्ध गुफा, घामतारा लामाचौर, माथिल्लो फूलाबास सिद्धगुफा, राँकमा धुरी जस्ता प्रसिद्ध तीर्थस्थलहरु छन् । सुनिल स्मृति पार्क, दलसिंहे डाँडा टनेल जस्ता ऐतिहासिक तथा पर्यटकीय स्थलहरु रहेका छन् । बाह्र जथाक, साउने पानी मूलखोला जस्ता जडिबुटी, वन्यजन्तु पाइने पर्यटकीय स्थलहरु रहेका छन् ।लामाचौर मेला, सानो कुमाख बसारे मेला, ओइती मेला, नाउली मेला, पाथीहाल्न मेला जस्ता मेला विभिन्न मेलाहरु चाडपर्वको अवसर पारेर लाग्ने मेलाहरु हुन् ।

पाथीहाल्न नजिकै रहेको तामाखानीको उत्खनन गर्न सकेमा गंगादेवगाउँपालिका, रोल्पा जिल्ला, प्रदेश नं. ५ का साथै सिंगो नेपाल राज्यकै आर्थिक समृद्धिमा टेवा पुग्ने सम्भावना रहेकोछ । साथै आरखुटी, ढोरिनी, साउने पानी जस्ता ढुङ्गाखानीलाई समुचित उपयोग गर्न सकेमा यस गंगादेवगाउँपालिकाको आर्थिक वृद्धिमा टेवा पुग्ने देखिन्छ ।

**१.२. विद्यमान अवस्थाको समीक्षा :**

यस गंगादेव गाउँपालिकाको विद्यमान अवस्थाको बारेमा चर्चा गर्दा निम्न पक्षहरुलाई बढी जोड दिएको छु :

**१.२.१. सवल पक्ष :** रोल्पा जिल्ला गंगादेव गाउँपालिकाका सवल पक्षमा यो गाउँपालिका प्राकृतिक साधन-श्रोतले सक्षम छ । तर, यी साधन-श्रोतलाई सदुपयोग गर्न सकेमा यो गाउँपालिका आर्थिक रुपले समेत समृद्ध हुनेछ ।

**१.२.२. कमजोर पक्ष :** गंगादेव गाउँपालिकामा उपलब्ध प्राकृतिक सम्पदाको उचित सदुपयोग भौगोलिक विकटताका कारण गर्न नसक्नु कमजोर पक्ष रहेको छ ।

**१.२.३. अवसरहरु :** रोल्पा जिल्ला गंगादेव गाउँपालिकामा तमाम खाले अवसरहरु छन् । शिक्षा, स्वास्थ्य, सुरक्षा, खानेपानी, कृषि, पशुपालन, व्यापार-व्यवसाय विभिन्न क्षेत्रको प्रभावकारी ढंगले व्यवस्थापन गर्न सके रोजगारीका अवसरहरु व्यापक रुपमा सिर्जना गर्न सकिन्छ ।

**१.२.४. चुनौतिहरु :** माथी १,२,३ मा उल्लेखित अवसरहरुलाई कार्यान्वयन गर्न/गराउन हाम्रो साधन-श्रोत तथा प्राविधिक ज्ञान, सीपको अभाव र भौगोलिक विकटताका कारण विभिन्न खाले चुनौतिहरु रहेका छन् ।

**१.३. बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्वन गरिएको पद्धति :**

रोल्पा जिल्ला गंगादेव गाउँपालिकाको बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि लैंगिक समानता, सामाजिक समावेशीकरणका आधारमा बस्ती, टोल र वडाभेलाबाट छनौट भई आएका आयोजनाहरुलाई प्राथमिकीकरण गरिएको छ ।

**१.४. आयोजना प्राथमिकीकरणका आधारहरु :**

- गंगादेववासीको आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने ,
- राजस्व संकलन तथा परिचालनमा योगदान पुऱ्याउने,
- वैदेशिक रोजगारीलाई प्रतिस्थापन गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- गाउँपालिका क्षेत्रभित्रको स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागितामा अभिवृद्धि गर्ने,
- लैंगिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने,
- गंगादेव गाउँपालिकाका समुदायलाई विपद् तथा जलवायु परिवर्तन उत्थानशील बनाउने,
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- गंगादेव गाउँपालिकाले आवश्यक देखेका अन्य विषयहरु ।
- गंगादेव गाउँपालिकाको २०७५/०७६ मा १०० जना विपन्न परिवार र द्वन्द पिडित युवा/युवतिलाई प्राविधियुक्त तालिम दिइ आर्थिकमा आत्मानिर्भर गराउने ।

# खण्ड २- आ.व. २०७४/०७५ को समिक्षा

### २.१. साविकको स्थानीय निकायहरुबाट सम्पन्न कार्यक्रमको समीक्षा :

साविकको स्थानीय निकायहरुबाट सम्पन्न कार्यक्रमको समीक्षा गर्दा आंशिक रुपमा केही कमी कमजोरी बाहेक समग्रमा सन्तोषजनक रहेकोछ ।

### २.२. विषयगत निकायहरु स्थानीय तहमा हस्तान्तरण हुनुपूर्व सम्पन्न कार्यक्रमको समीक्षा :

विषयगत निकायहरु स्थानीय तहमा हस्तान्तरण हुनुपूर्व सम्पन्न कार्यक्रमको समिक्षा गर्दा हालसम्मा यी निकायहरुले पृथक-पृथक ढंगबाट कार्य गरिरहेकोमा, अब उप्रान्त गाउँपालिका मार्फत एकद्धार प्रणालीद्धारा कार्यक्रम सञ्चालन गर्ने/गराउने परिपाटी बसाल्ने समिक्षा गरियो ।

### २.३. स्थानीय तह गठन पश्चात सम्पन्न कार्यक्रमको समीक्षा :

स्थानीय तह गठन पश्चात सम्पन्न कार्यक्रमको समीक्षा गर्दा रोल्पा जिल्लाको गंगादेव गाउँपालिकाबाट जनतालाई प्रवाह गरिने सेवा सुविधा सरल ढंगबाट उपलब्ध गराइएको पाइयो ।

### २.४. गैह्रसरकारी संघ संस्थाहरुबाट सम्पन्न कार्यक्रमको समीक्षा :

गैरसरकारी संघ संस्थाहरुबाट सम्पन्न कार्यक्रमको समीक्षा गर्दा गंगादेव गाउँपालिकामा सन्तोषजनक प्रगति भएको पाइएन । यस गाउँपालिका क्षेत्रमा गैर सरकारी संघ संस्थाको उपस्थिति शून्यप्रायः रहेको छ ।

# खण्ड ३- आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम

**३.१. सोंच :** गंगादेव गाउँपालिकामा रहेका प्राकृतिक साधन, श्रोतलाई सदुपयोग गर्दै केन्द्र सरकार तथा प्रदेश सरकारबाट प्राप्त श्रोतसमेतलाई समायोजन गरी समग्र गाउँपालिका क्षेत्रको सुदृढीकरणमार्फत आर्थिक-सामाजिक समृद्धि हासिल गर्ने ।

**३.२. लक्ष्य :** कृषि, पशुपालन, फलफूल एवं तरकारी खेतीलाई व्यावसायीकरण गर्ने र साना तथा घरेलु उद्योगको स्थापना र विकास मार्फत गंगादेव गाउँपालिकाका जनताको जीवनस्तरमा सुधार ल्याउने ।

**३.३. उद्देश्य :** गंगादेव गाउँपालिका क्षेत्रभित्र रहेका खनिज तथा खानी अन्वेषण, जडिवुटीको संरक्षण र सम्वर्द्धन गर्ने तथा धार्मिक ऐतिहासिक क्षेत्रहरुको विकास मार्फत पर्यटन प्रवर्द्धनमा जोड दिने ।

**३.४. अपेक्षित उपलब्धि :** कृषि तथा पशुपालनको क्षेत्रमा सुधार हुनुका साथै रोजगार प्रवर्द्धन मार्फत आम गंगादेववासीको जीवनस्तरमा सुधार भएको हुनेछ ।

### ३.५. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु :

वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरुलाई निम्नानुसार वर्गीकरण गरेको छु :

**३.५.१. समग्र नीति तथा आधारहरु :** रोल्पा जिल्लाको गंगादेव गाउँपालिकामा बजेट, तथा कार्यक्रम तर्जुमा गर्दा बस्ती, टोल एवं वडास्तरको राय सुझावलाई नै मुख्य आधार बनाइएको छ ।

### ३.५.२. क्षेत्रगत नीति तथा आधारहरु :

(क) आर्थिक क्षेत्र : आर्थिक क्षेत्र अन्तर्गत कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र आदि ।

**कृषि**

- खेतीयोग्य तर बाँझो अवस्थामा रहेका जग्गालाई उपयोग गर्न प्रोत्साहित गर्ने नीति लिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र पर्याप्त सिंचाई सुविधाको व्यवस्था गरी कृषि उत्पादन बढाउने कार्यमा जोड दिइनेछ ।
- कृषिलाई व्यावसायिक रुपमा विकास गर्न पर्याप्त स्रोत साधनको परिचालन गरिनेछ ।
- सम्भाव्य कृषि क्षेत्रको पहिचान गरी कृषि पकेट क्षेत्रको घोषणा गरिनेछ ।

**वन, वातावरण तथा भू-संरक्षण**

- गाउँपालिका क्षेत्रभित्र रहेको वनलाई संरक्षण गर्ने कार्यमा आवश्यक पहल गर्नुका साथै वातावरण तथा जलवायु अनुकुलन हुने गरि विकासका क्रियाकलाप सञ्चालन गरिनेछ ।
- मृग, घोरल जस्ता वन्यजन्तु संरक्षण गर्न स्थानीय तहबाट आवश्यक नीति लिइनेछ ।
- गाउँपालिका भित्र पहिरो जोखिमयुक्त र नदी कटानको जोखिममा रहेका क्षेत्र पहिचान गरी जीउधन तथा सम्पत्तिको संरक्षण गर्न आवश्यक नीति लिइनेछ ।

**उद्योग**

- उद्योगधन्दा र व्यवसायको माध्यमबाट आर्थिक सुधार हुने भएकोले घरेलु उद्योग व्यवसाय सञ्चालन गर्ने उद्यमी व्यवसायीलाई प्रोत्साहन गरिनेछ ।
- स्थानीय उत्पादन तथा कृषिमा आधारित साना उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

(ख) सामाजिक क्षेत्र : यस अन्तर्गत लक्षित वर्ग, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा समावेशीकरण, संस्कृति प्रवर्द्धन आदि ।

**लक्षित वर्ग**

- महिला, बालबालिका, दलित, जनजाति, अपाङ्ग, अल्पसंख्यक, पिछडिएको वर्ग, वृद्ध तथा विपन्न वर्गहरुको सहभागिता र विकासमा जोड दिइनुको साथै गौराई निरुत्साहित गर्न विशेष पहल तथा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।
- लैङ्गिक हिंसा तथा घरेलु हिंसा, बालविवाह न्यूनीकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

- महिलाहरुलाई व्यावसायिकता तर्फ उन्मुख बनाउन आयमूलक सीपमूलक तालिम प्रदान गरि आय आर्जनमा वृद्धि गरि आत्मनिर्भर बनाईने नीति लिईनेछ ।
- भौतिक संरचना निर्माण गर्दा अपाङ्ग मैत्री बनाउने तथा अनाथ व्यक्तिहरुको लागि सशक्तिकरण गर्ने नीति लिईनेछ ।

**शिक्षा**

- आधारभूत शिक्षामा सबैको पहुँचको लागि विशेष सहयोगको नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाको शैक्षिक स्तर माथि उकास्न गाउँपालिका क्षेत्रभित्र रहेका शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधारहरुमध्ये पनि भवन निर्माणमा जोड दिइनेछ ।
- प्राविधिक शिक्षामा विद्यार्थीहरुलाई प्रोत्साहित गरी विषयक्षेत्रगत दक्ष जनशक्ति तयार गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र प्राविधिक शिक्षालय स्थापना गर्ने नीति लिइएको छ ।
- निजी स्रोतबाट नियुक्ति भएका शिक्षकहरुलाई कम्तीमा नियमित पारिश्रमिक पाउने व्यवस्था गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्ग विद्यार्थिलाई SEE सम्म निशुल्क शिक्षा दिइने छ ।

**स्वास्थ्य**

- स्वास्थ्य चौकी नभएका वडाहरुमा स्वास्थ्य चौकी स्थापना गर्ने नीति लिइनेछ । ती वडाहरुमा स्वास्थ्य चौकी स्थापना नहुञ्जेल स्वास्थ्य इकाइ केन्द्र विस्तार गर्ने नीति लिइनेछ ।
- गाउँपालिका केन्द्र रहेको स्वास्थ्य चौकीमा स्वास्थ्य परीक्षण प्रयोगशाला (ल्याब) स्थापना गरी सामान्य स्वास्थ्य परीक्षणको लागि समेत सल्यान, दाङ जानु  पर्ने बाध्यता निर्मूल पारिनेछ ।
- स्वास्थ्य चौकी भवन मर्मत, स्वास्थ्य क्लिनिकको सञ्चालन, बर्थिङ सेन्टरको निर्माण गरि स्वास्थ्य सेवा पाउनबाट वञ्चित नागरिकका लागि स्वास्थ्यमा सरल र सुलभ पहुँच हुने किसिमका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।
- आर्युवेद तर्फको परम्परागत औषधि (traditional medicine) लाई संरक्षण गर्न आवश्यक नीति लिइनेछ ।
- स्वास्थ्य चौकीहरुमा नियमित औषधि आपूर्तिको लागि ठोस नीति लिइनेछ ।
- पूर्ण सरसफाई, पूर्ण खोप र पूर्ण संस्थागत सुत्केरी गा.पा. घोषणा गर्ने नीति लिइनेछ ।
- अपाङ्ग, ज्येष्ठ नागरिकका पहुँचमा स्वास्थ्य सेवा पुर्‍याउन समय समयमा घुम्ती टोली परिचालन गर्ने नीति लिइनेछ ।
- आ.व. २०७४/०७५ मा संचालन गरियका विपन्नलाई न्यानोकपडा जनयुद्धका घाइते, अपाङ्ग र महिला आमासमुहका  कार्यक्रम निरन्तर संचालन गरिनेछ ।

**खेलकुद**

- खेलकुद विकासका लागि खेलकुद सामाग्री, खेलमैदान, तथा खेलकुद पूर्वाधार विकास तथा निर्माणको कार्यलाई प्राथामिकता दिइनेछ ।
- प्रत्येक वडामा एक एक वटा खेलमैदान निर्माण गर्ने नीति लिइनेछ ।
- गाउँपालिका क्षेत्रमा एक उच्चस्तरीय खेल मैदान निमार्ण गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गरिनेछ ।

**पर्यटन संस्कृति**

- पर्यटन विकासका लागि गाउँपालिका क्षेत्र भित्र धार्मिक, ऐतिहासिक, तथा पुरातात्विक सम्पदाहरुको पहिचान विकास तथा व्यवस्थापनमा जोड दिने नीति अवलम्बन गरिनेछ ।
- परम्परागत चाडपर्व, कला संस्कृतिको विकास, संरक्षण र संवर्द्धन गरी आन्तरिक र अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धनमा बढावा दिइनेछ ।

(ग) पूर्वाधार क्षेत्र : सडक तथा पुल (झोलुंगे पुल समेत), सिंचाई भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जासमेत), सञ्चार आदि ।

**सडक तथा पुल**

- एक गाउँ एक घोडेटो बाटो कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिका क्षेत्रमा सडकको न्यूनतम मापदण्ड लागू गरिनेछ ।
- सडकको ट्रयाक नपुगेका वडा कार्यालयहरुमा सडक ट्रयाक खोल्ने कार्यलाई उच्च प्राथामिकता दिइनेछ ।
- गाउँपालिकाको केन्द्रसम्म बाह्रैमहिना यातायात सञ्चालन हुन सक्ने गरी सडकको स्तरोन्नति गर्ने नीति लिइएको छ ।
- गाउँपालिका क्षेत्रका सहायक सडकहरुलाई मुख्य सडक सञ्जालसंग जोड्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- झोलुङ्गे पुल तथा पक्की पुलहरुको निर्माण कार्यलाई गाउँपालिकाको गौरवका आयोजनाको रुपमा लिई कार्य सन्चालन गर्ने नीति लिईएको छ ।
- जिल्लासंग गाउपालिका जोडने राङजीवाङ, सुखाओडार, म्वालेखोला रुकुम ६ नं. प्रदेश जोड्ने सडक गाउँपालिकाको गौरवको आयोजनाको रुपमा लिइ कार्य संचालन गर्ने नीति लिइएको छ ।

**खानेपानी तथा सरसफाई**

- गाउँपालिका क्षेत्र भित्र स्वच्छ र सुलभ रुपमा खानेपानीको आपूर्तिको व्यवस्था गरिनेछ र फोहोरमैलाको उचित व्यवस्थापन गर्ने नीति लिईनेछ ।

- खुला दिसा मुक्त पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाउनको लागि आवश्यक कदम चालिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रको फोहोरमैला व्यवस्थापन गर्न डम्पिङ साईटको खोजी तथा निर्माण कार्यलाई तीव्रता दिने नीति अवलम्बन गरिनेछ ।
- पुनः प्रयोग र पुनः प्रशोधन गर्न सकिने नकुहिने प्लाष्टिकजन्य सिसाजन्य फोहर व्यवस्थापनमा विशेष जोड दिइनेछ ।

**<u>विद्युत तथा उर्जा</u>**

- गाउँपालिका क्षेत्रमा विद्युतको व्यवस्थापन गर्न भ्यामदेखि गाउँपालिका केन्द्र सम्म राष्टिय प्रशारण लाईन विस्तार गरी क्रमशः सम्पूर्ण वडाहरुमा केन्द्रिय प्रशारणको विद्युतीकरण गर्ने नीति लिइनेछ ।
- स्थानीय लघु जलविद्युत आयोजनाहरुबाट उत्पादित विजुलीको वितरण कार्यलाई व्यवस्थित गर्ने नीति लिइनेछ ।
- प्रत्येक वडामा कम्तीमा लघु जलविद्युत आयोजनाबाट विद्युतीकरण गरिनेछ ।
- लघु उर्जा उत्पादनका श्रोतहरुको पहिचान गर्ने नीति लिइनेछ ।
- परम्परागत प्रविधिबाट सञ्चालन भइरहेका पानीघट्टको आधुनिकीकरण गर्ने नीति लिइनेछ ।

**<u>दीर्घकालिन पूर्वाधार</u>**

- गाउँपालिका क्षेत्र भित्र बस पार्क, सडक बत्ती, सभा गृह, शवदाहन गृह, कभडहल, आधुनिक खेल मैदान, हाट बजार, पशु बधशाला, बृद्धाश्रम, शैक्षिक प्रतिष्ठान केन्द्र, फोहोर प्रशोधन केन्द्र जस्ता क्षेत्रहरुको पहिचान गरि प्राथामिकताको आधारमा योजना बनाई कार्यन्वयनमा ल्याइनेछ ।

(घ) संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन : मानव संसाधन विकास, संस्थागत क्षमता विकास, नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवा प्रवाहको मापदण्ड निर्धारण, विद्युतीय सूचना प्रविधिको प्रयोग आदि ।

**<u>योजना तर्जुमा, कार्यन्वयन, अनुगमन, मूल्याङ्कन</u>**

- गाउँपालिकाभित्र सञ्चालन हुने योजना, आयोजना, कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन मूल्याङ्कन गरि सो कार्यलाई नतिजामूलक बनाउन अनुगमनका वस्तुगत मापदण्ड तयार गरी अनुगमन गर्ने तथा हरेक कार्यलाई पारदर्शी बनाउने नीति लिइनेछ ।

**<u>सूचना तथा सञ्चार</u>**

- सेलुलर फोन नटिप्ने ठाउँमा समेत टेलिकम टावर विस्तार गरी गाउँपालिका क्षेत्रभित्र कुनै पनि ठाउँमा कम्तीमा जि.एस.एम. सञ्चालन हुने अवस्था सिर्जना गर्ने नीति लिइनेछ ।

- गाउँपालिका क्षेत्रभित्रका सबै वडा कार्यालयहरुमा नेपाल टेलिकमसंग समन्वय गरि ल्याण्डलाइन टेलिफोन सेवा तथा इन्टरनेट सेवाको विस्तार गर्ने नीति लिइनेछ ।
- गाउँपालिका कार्यालयका वार्षिक तथा अर्धवार्षिक कार्य प्रगति लगायतका अन्य सबै सूचना तथा जानकारी Web Site मार्फत प्राप्त गर्न सकिने कार्य प्रकृयालाई अगाडि बढाइनेछ ।

**मानव संसाधन विकास तथा कर्मचारी व्यवस्थापन**

- गाउँपालिका क्षेत्रमा कर्मचारी खटिइ आउन नमान्ने विगत देखिकै समस्या निराकरण गर्न कर्मचारीको मनोवल उच्च पार्ने किसिमका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।
- मानव संसाधनको प्राप्ति, विकास, उपयोग तथा संभार सम्बन्धी आवश्यक नीति लिइनेछ ।
- विभिन्न विषयगत कार्यालयहरुबाट समायोजन भै आउने कर्मचारीहरुको प्रभावकारी व्यवस्थापनको लागि आवश्यक नीति तथा उनीहरुलाई संगठनको काम कारबाहीमा जवाफदेही तथा जिम्मेवार बनाउन कार्यसम्पादन मूल्याङ्कन तथा योगदानमा आधारित पुरस्कार प्रणालीको सुरुवात गर्ने नीति लिईनेछ ।

**३.६. मुख्य मुख्य आयोजना र कियाकलापहरु :** रोल्पा जिल्लाको गंगादेवगाउँपालिकामा आगामी आ.व. २०७५/०७६ मा सञ्चालन गरिने मुख्यमुख्य आयोजनाहरु निम्न छन् :

(क) रणनीतिक सडक निर्माण आयोजनाहरु,
(ख) भवन निर्माण आयोजनाहरु,
(ग) खानेपानी आयोजनाहरु,
(घ) शिक्षा, स्वास्थ्य र सचेतना कार्यक्रमहरु,
(ङ) लक्षित कार्यक्रमहरु,
(च) सिंचाई आयोजनाहरु,
(छ) विद्युतीकरणका आयोजनाहरु आदि ।

साथै गंगादेव गाउँपालिकामा आर्थिक समृद्धि हासिल गरी यहाँका जनताको जीवनस्तरमा दिगो फराकिलो सुधार ल्याइ सकारात्मक सोचको विकास र परिवर्तन हुने क्रियाकलापहरु सञ्चालन गरिनेछ ।